# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असोज ११ गते २०५८ साल (अतिरिक्ताङ्क ३५ (क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ बमोजिम खण्ड ५१, अतिरिक्ताङ्क २० (क), मिति २०५८ असार २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा १९ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. मदन आश्रित स्मृति भवन, जिल्ला कार्यालय, बनेपाको भवन निर्माणको लागि आवश्यक पर्ने ५०,०००।– (पचास हजार) ईटामा लाग्ने मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन ३ को निर्णयानुसार छूट दिने ।

२. साना किसान विकासका लागि GTZ बाट अनुदान स्वरुप प्राप्त मर्सिडिज बेन्च जीपमा लाग्ने भन्सार महसुलमा मिति २०५८ साल साउन ३ को निर्णयानुसार ५० प्रतिशत छूट दिने ।

३. कृषि विकास योजना नकटाझिजलाई आवश्यक डिप बोरिङ्गको लागि भा.रु. १९,६७,४१५।४५ बराबरका पाइपहरू आयात गर्दा आयातमा लाग्ने भन्सार महसुल १ प्रतिशत र मूल्य अभिवृद्धि कर ५० प्रतिशत मिति २०५८ साल साउन ३ को निर्णयानुसार छूट दिने ।

४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. पञ्चेश्वर अन्वेषणको टनकपुर डिभिजन कार्यालयको काममा प्रयोग हुने भारतीय नम्बर प्लेटका दुई थान जीपको अस्थायी पैठारीमा लाग्ने कर ६ महिनाको लागि मिति २०५८ साल साउन १ को निर्णयानुसार छूट दिने ।

५. Instent Meal Pvtl. Ltd. ले बङ्गलादेशमा बाढी पीडितलाई वितरण गर्न अमेरिकी डलर १,६६,९२०।– मूल्य बराबरको ४२८ मेट्रिक टन युनिमिक्स बलण्डेड फूडमा लाग्ने निकासी शुल्क मिति २०५८ साल असार २७ को निर्णयानुसार छूट दिने ।

६. मणिपाल कलेज अफ मेडिकल साइन्स पोखराले आयात गर्ने अमेरिकी डलर १७,७७,१२९।– मूल्य बराबरको अस्पताल सामाग्रीहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल मिति २०५८ साल साउन १ को निर्णयानुसार छूट दिने ।

७. लुम्बिनी विकास कोषको मोरियन मन्दिर निर्माणमा प्रयोग हुने पाँच सय मेट्रिक टन छड खरिदमा लाग्ने मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन १२ को निर्णयानुसार छूट दिने ।

८. रसायनशास्त्र र भ-गर्भ शास्त्र केन्द्रीय शिक्षण विभागले पैठारी गर्ने अमेरिकी डलर २५८०। मूल्य बराबरको ल्याब सामग्रीमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन २५ को निर्णयानुसार छूट दिने ।

९. शिक्षण अस्पताल महाराजगञ्जले भा. रु. ३,५०,०००।– मूल्य बराबरको चिकित्सा सम्बन्धी सामान पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन २८ को निर्णयानुसार छूट दिने ।

१०. धुलिखेल अस्पतालले पैठारी गर्ने अमेरिकी डलर ६४,४१५।६० मूल्य बराबरको मेडिकल सामानमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन २९ को निर्णयानुसार छूट दिने ।

११. शहीद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्रले पैठारी गर्ने यूरो ८,०००।– र अमेरिकी डलर १४,२८१।८९ मूल्य बराबरको सर्जिकल उपकरण तथा औजारहरूमा लाग्ने महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल साउन २९ को निर्णयानुसार छूट दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. काठमाडौं मेडिकल कलेजले पैठारी गर्ने यूरो १,२४,१९४।- मूल्य बराबरको मेडिकल उपकरणमा लाग्ने भन्सार महसुल १ प्रतिशत मात्र लिई अरू भन्सार महसुल मिति २०५८ साल साउन ३० को निर्णयानुसार छूट दिने ।

१३. वीर अस्पतालले रिप्लेसमेण्टको रुपमा पैठारी गर्ने अमेरिकी डलर ७५०।- मूल्य बराबरको सामानमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल भदौ १२ को निर्णयानुसार छूट दिने ।

१४. ललितपुर उपमहानगरपालिका वडा नं. ९ यम्पी महाविहारको लागि पैठारी हुने थाइ भाट १४,०००।- मूल्य बराबरको मूर्तिहरूमा लाग्ने भन्सार महसुल मिति २०५८ साल भदौ ७ को निर्णयानुसार छूट दिने ।

१५. नेपाल ह्याण्डबल संघले उपहार स्वरुप जापानी यान २९,२००।- मूल्य बराबरको खेलकूद सामाग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल मिति २०५८ साल भदौ १२ को निर्णयानुसार छूट दिने ।

१६. लाइन्स क्लब अफ पोखराले प्लाष्टिक सर्जरी शिवीर सञ्चालन गर्न पैठारी गर्ने अमेरिकी डलर ८२५।- मूल्य बराबरको सामानमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल भदौ १४ को निर्णयानुसार छूट दिने ।

१७. हार्ट क्लब नेपाल ललितपुरले पैठारी गर्ने अमेरिकी डलर १,५००।- मूल्य बराबरको मेडिकल सामानमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर मिति २०५८ साल भदौ १९ को निर्णयानुसार छूट दिने ।

१८. नेपाल ओलम्पिक कमिटिले पैठारी गर्ने मर्सिडिज भ्यान एकमा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि करमा मिति २०५८ साल भदौ १५ को निर्णयानुसार ५० प्रतिशत छूट दिने ।

१९. बर्दिया जिल्ला विकास समितिलाई कार्यालयमा रहेको पुरानो गाडी लिलाम गरी सोबाट आएको रकम राजस्वमा बुझाउने शर्तमा पैठारी गर्ने नयाँ जीप एकमा लाग्ने भन्सार महसुल एक प्रतिशतमात्र लिने मिति २०५८ साल भदौ २२ को निर्णयानुसार छूट दिने ।

२०. नेपाल राष्ट्रिय खेलकूद परिषद्लाई उपहार स्वरुप प्राप्त हुने जापानी यान ६,३२,५००।- मूल्य बराबरको सेकेण्ड हेण्ड गियर १,२६५ गोटा सामानमा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर मिति २०५८ साल भदौ २८ को निर्णयानुसार छूट दिने ।



४६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. भैरवी माध्यामिक र राष्ट्रिय माध्यमिक विद्यालय कविलास, नुवाकोटलाई जर्मन नागरिक Nancy Hines बाट उपहार स्वरुप प्राप्त हुने स्टेशनरी सामानमा लाग्ने भन्सार महसुल मिति २०५८ साल भदौ २८ को निर्णयानुसार छूट दिने।

२२. भारतबाट गुरुकुलका आचार्य श्री ओम स्वरुपार्य नेपाल आर्य समाजको निमन्त्रणामा नैतिक जागरण एवं आध्यात्मिक चेतना कार्यक्रममा भाग लिन आउँदा उहाँ चढि आउनु भएको भारतीय नम्बर प्लेटको महेन्द्रा जीपमा २६ अगष्ट २००१ देखि १० सेप्टेम्बर २००१ सम्मको लाग्ने अस्थायी पैठारी महसुल मिति २०५८ साल भदौ १५ को निर्णयले र पुनः ११ सेप्टेम्बर २००१ देखि १७ सेप्टेम्बर २००१ सम्म समयावधि थप गरी सो अवधिको अस्थायी पैठारी महसुल मिति २०५८ साल भदौ २६ को निर्णयानुसार छूट दिने ।

२३. बृटिस गोर्खा नेपाललाई Import Permit and Duty Exemption Agreement अन्तर्गत भारत र तेस्रो मुलुकबाट सन् २००१/२००२ को लागि पैठारी हुने मूल्य पाउण्ड स्टर्लिङ्ग १४,७८,०००।– बराबरका अफिस सामग्री (रासन, उपकरण, कार्यालय सामान, सवारी साधन, औषधि आदि) सामानमा लाग्ने भन्सार महसुल मिति २०५८ साल असार २७ को निर्णयानुसार छूट दिने ।

२४. बृटिस गोर्खा नेपाललाई Import Permit and Duty Exemption Agreement अन्तर्गत भारत र तेस्रो मुलुकबाट सन् २००१/२००२ को लागि पैठारी हुने मूल्य पाउण्ड स्टर्लिङ्ग १४,७८,०००।– बराबरका अफिस सामग्री (रासन, उपकरण, कार्यालय सामान, सवारी साधन, औषधि आदि) सामानमा लाग्ने मूल्य अभिवृद्धि कर मिति २०५८ साल भदौ ७ को निर्णयानुसार छूट दिने ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।